**निर्णयहरु**

१. रोप्लेखोला सेराफाँट सिंचाई योजना लाई विपद व्यवस्थापन कोषबाट भुक्तानी हुने गरि प्राविधिक ईष्टीमेट अनुसारको पाईप खरिद गरि गाउँपालिकाको कार्यालयमा दाखिला ______________________________ गरि रोप्लेखोला सेराफाँट सिँचाई योजनालाई हस्तान्तरण गरिएकोमा यसमा खर्च भएको रु ९७,५१९।- को खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

२. २०७४ मंसिर १ गतेबाट लागु हुने गरि गाउँपालिकाका प्रत्येक वडा कार्यालयले रु ८,०००।- मा नबढने गरि विविध खर्च बापतको रकम खर्च गर्ने र गाउँपालिकाको कार्यालयमा मासीक रुपमा बिल पेश गर्ने निर्णय गरियो ।

३. २०७४ श्रावण १ गतेबाट लागुहुने गरि गाउँसभा,गाउँकार्यपालिका र वडा समितिको बैठक भत्ताको दर नियमानुसार लाग्ने कर काटी रु १०००।०० (प्रति व्यक्ति प्रति बैठक ) तोक्ने निर्णय गरियो ।

४.यस गाउँपालिकाको साविकका ७ वटा गा.वि.सहरुमा कार्यरत सामाजिक परिचालकको तलब २०७४ कार्तिक मसान्त सम्म मात्र निकासा निजहरुलाई कार्तिक मसान्त सम्मको तलब भुत्तानी गरि हाल गाउँपालिकामा स्रोत नभएकोले निजहरुको म्याद थप गर्न नसकिने निर्णय गरियो ।

५. यस गाउँपालिका अर्न्तगतका विभिन्न वडामा अवस्थित वस्तीहरुमध्ये कतिपयमा खानेपानीको पहुँच नपुगेको र कतिपय स्थानमा खानेपानीको उपलब्धता अत्यन्त न्यून भएकोले यस गाउँपालिकाको बजेटले समेटन नसकेका र भविष्यमा पनि समेटन गाह्रो हुने करिव १ करोड वा सो भन्दा बढी लागतका निम्न बमोजिमका आयोजनाहरुलाई तल उल्लेखित प्राथमिकताका आधारमा खानेपानी तथा सरसफाई डिभिजन कार्यालय,वेशिशहर,लमजुङ्ग मार्फत सम्बन्धित निकायमा सिफारिसका लागि अनुरोध गर्ने निर्णय गरियो ।

क) नाँयु घनपोखरा फैजु सेने खानेपानी आयोजन ( मर्स्याङ्दी गाउँपालिका वडा नं १ )

ख) पाँमचोक सेग्ले महथोक ढांड तवै खानेपानी आयोजना ( मर्स्याङ्दी गाउँपालिका वडा नं. ९ )

ग) पुराना गाउँ ढगै टुनीखर्क ढगैबेसी खानेपानी आयोजना ( मर्स्याङ्दी गाउँपालिका वडा नं. ३ )

६. मर्स्याङ्दी गाउँपालिका वडा नं. ३, सिउरुङ् गाउँको गुम्बामा आयोजना हुन लागेको धार्मिक पूजाका लागि विभिन्न धार्मिक सांस्कृतिक साहित्यिक महोत्सव दिवस शिर्षकमा विनियोजन भएको शिर्षकबाट विनियोजन हुने गरी रु २५०००।०० दिने निर्णय गरियो ।

७. यस गाउँपालिकाको वडा नं. ४, मिप्रामा आयोजना भएको फुटबल प्रतियोगिताका लागि विभिन्न धार्मिक सांस्कृतिक साहित्यिक महोत्सव दिवस शिर्षकमा विनियोजन भएको शिर्षकबाट विनियोजन हुने गरी रु २५०००।०० दिने निर्णय गरियो ।

८. यस गाउँपालिकाको वडा नं. ५, सञ्जापुमा आयोजना भएको फुटबल प्रतियोगिताका लागि विभिन्न धार्मिक सांस्कृतिक साहित्यिक महोत्सव दिवस शिर्षकमा विनियोजन भएको शिर्षकबाट विनियोजन हुने गरी रु २५०००।०० दिने निर्णय गरियो ।

९. कृषि सेवा केन्द्र,खुदीमा रहेको आवास भवनलाई गाउँपालिकाले समेत कर्मचारी आवासको लागि प्रयोग गर्नुपर्ने भएकोले ईस्टीमेट गरी कार्य गर्ने र कार्यसम्पन्न भए पश्चात विपद व्यवस्थापन कोषबाट भुक्तानी हुने गरि रकम् भुक्तानी गर्ने निर्णय गरियो ।